# शुद्धोधन गाउँपालिका

स्थानीय राजपत्र

शुद्धोधन गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ भाग-२ संख्या-१ मिति २०८०।०९।२४

भाग-१

शुद्धोधन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, लवनी, कपिलवस्तु

शुद्धोधन गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा-४ वमोजिम शुद्धोधन गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**कार्यविधिको नामः शुद्धोधन गाउँपालिकाका निजि जग्गाको माटो उत्खनन तथा ओसारपोसार सम्वन्धी कार्यविधि, २०८०**

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८०।०९।२४

CamScanner

कार्यविधिको नाम : शुद्धोधन गाउँपालिकाको निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि २०८०

**प्रस्तावना :** स्थानीय स्तरको विकास निर्माणको लागि स्थानीय श्रोतको पहिचान गर्ने र सो साधन श्रोतको समुचित परिचालन गरी माटोको सहज आपुर्ति गर्ने, सतह नमिलेको खतीयोग्य जग्गाको सतह मिलाउने, माछापोखरी निर्माण गर्दा बढी भएको माटो बिक्री वितरण गर्ने लगायतका कार्यहरुलाई व्यवस्थित र नियमित गर्नका लागि कार्यविधि तयार पारी कार्यान्वयन गर्न वाञ्छनिय भएकोले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा ५ नं. प्रदेश सरकार नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को परिच्छेद ३ दफा ४ उपदफा १ ले दिएको अधिकार तथा मार्गनिर्देश अनुसार शद्धोधन गाउपालिका, लवनी, कपिलवस्तुले निजी जग्गाको माटो र नदिजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्यविधि २०८० मस्यौदा तयार गरिएको छ।

## खण्ड १
## निजी जग्गाको माटो उत्खनन् सम्बन्धी व्यवस्था

१) **अनुमति नलिइ उत्खनन् कार्य गर्न नहुने :**
यस गाउँपालिका भित्रका निजी जग्गाको माटो तथा नदीजन्य पदार्थ उत्खनन् तथा ओसार पसार गर्न यस गाउँपालिकाको अनुमतिपत्र नलिई उक्त कार्य गर्न गराउन पाइने छैन।

२) **उत्खनन् अनुमति पत्रको प्रकृया :**
- क) निजी जग्गाको माटो तथा नदिजन्य पदार्थ उत्खनन् तथा ओसारपसार गर्न चाहने व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ
- ख) सम्बन्धित वडाध्यक्षबाट तोकादेश लिई वडा कर्मचारीले सम्बन्धित स्थानको स्थलगत अवलोकन गरी सँधियारहरु समेतको उपस्थितिमा सर्जमिन गरी मुचुल्का तयार पारी मुचुल्का सहित गाउँपालिकामा पठाउनुपर्नेछ।
- ग) सम्बन्धित वडाको काम गर्ने जिम्मा पाएका गाउँपालिका कार्यालयका प्राविधिक कर्मचारीले उत्खनन् हुने स्थलको अवलोकन गरी सँधियार समेतको रोहवरमा उत्खनन् गर्न चाहेको वा उत्खनन् हुनसक्ने परिमाण एकीन गरि सिफारिस गर्नुपर्नेछ।
- घ) यसरी प्राविधिक कर्मचारीबाट उत्खनन् गर्न सकिने परिमाण सहित सिफारिस प्राप्त भई आए पछि गाउँपालिका कार्यालयले नियमानुसारको राजश्व लिई अनुसूची १ को ढाँचामा उत्खनन् तथा ओसारपसार गर्ने अनुमति दिनेछ।
- च) उत्खनन् अनुमतिपत्र प्रदान गर्दा उत्खनन् गर्ने जग्गाको क्षेत्रफल, अनुमति दिएको अनुमानित परिमाण, ढुवानीका साधनको नं., उत्खनन् गरी ढुवानी गर्ने अवधि, ढुवानी गरी लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनु पर्नेछ।

३) **निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरु**
- क) उत्खनन् हुने जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि,
- ख) उत्खनन् हुने जग्गाको ब्लु प्रिन्ट वा नापी नक्सा,
- ग) जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

४) **उत्खनन् मापदण्ड**
- क) बस्ती, बाटो, स्कुल, मन्दिर क्षेत्र वरपर माटो उत्खनन् गर्दा शुद्धोधन गाउँपालिकाको राजश्व अनुगमन समितिको अनिवार्य समन्वयमा मात्र गर्न पाइनेछ।
- ख) अनुगमन समितिले उत्खनन् र ओसारपसार सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ। उत्खनन् गर्ने पक्षले अनुगमन समितिले दिएको निर्देशन पालना गर्नुपर्नेछ।
- ग) मापदण्ड विपरित कार्य गरेमा अनुगमन समितिले उत्खनन् कार्य रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिन सक्नेछ।
- घ) खेतको सतह मिलाउने प्रयोजनको लागि उत्खनन् गरेको भएमा सँधियारहरुको खेतको सतहको प्रतिकूल हुनेगरि उत्खनन् गर्न पाईनेछैन। साथै २ फिटसम्म गहिरो खन्दा ०.५ मिटर र सो भन्दा बढी गहिराइ खन्दा कम्तीमा ३ मिटर छाडनु पर्नेछ।
- ङ) उत्खनन् गर्ने कार्य दिनको समयमा मात्र गर्नुपर्नेछ।
- च) उत्खनन् कार्य समाप्त भए पछि जुन उद्देश्यका लागि उत्खनन् गरिएको हो सो उद्देश्य अनुरुपको कार्य प्रारम्भ गर्नुपर्नेछ।
- छ) कार्य प्रारम्भ गर्नु अघि जग्गाको प्रकृति, उत्खनन् हुने माटोको परिमाण र उत्खनन् पश्चातको उद्देश्य आदिको आधारमा अनुगमन समितिको निर्णयानुसार प्रतिकठ्ठा रु.२ हजार देखी ५ हजारसम्म धरौटी राख्नु

CamScanner

पर्नेछ। उत्खनन् पछि सो स्थानमा गर्ने उद्देश्य अनुरुपको काम भए नभएको अनुगमन गरेर एकीन भएपछि मात्र धरौटी फिर्ता दिईनेछ। अन्यथा धरौटी जफत हुनेछ।

ज) निजी जग्गामा उत्खनन् गर्दा छेउछाउमा रहेका सार्वजनिक, सरकारी, पर्ति तथा वन क्षेत्रको जग्गामा उत्खनन् गर्न पाइने छैन।

झ) माथि जुनसुकै कुरा लेखिएको भएता पनि नदि किनाराबाट ५०० मिटर भित्र उत्खनन् गर्नुपरेमा गाउँपालिकाको राजश्व अनुगमन समितिले सो क्षेत्रको स्थलगत अनुगमन गरी पर्यावरणीय तथा नदी सुरक्षाको दृष्टिले उत्खनन् गर्न दिन सकिने वा नसकिने विषयमा सिफारिस गरेपछि सकिने भएमा मात्र उत्खनन् अनुमति दिन सकिनेछ।

## खण्ड २

## माछा पोखरी उत्खनन् सम्बन्धी व्यवस्था

१) **अनुमति लिनुपर्ने :**
यस गाउँपालिका भित्र निजी जग्गामा माछापोखरी खन्नका लागि यस गाउँपालिकाको अनुमति लिनुपर्नेछ।

२) **उत्खनन् अनुमति पत्रको प्रकृया :**

क) माछापोखरी खन्न चाहने व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

ख) अनुमतिका लागि पेश गर्दा पोखरी खन्दा निस्केको माटो त्यही पोखरी वरिपरि व्यवस्थापन गर्ने हो वा बढी माटो बेचबिखन गर्ने हो पत्रमा उल्लेख गर्नुपर्नेछ।

ग) यदि बढी माटो बेचबिखन गर्ने हो भने सोको अनुमानित परिमाण समेत निवेदनमा एकीन गर्नुपर्नेछ।

घ) यसरी प्राप्त निवेदनमा सम्बन्धित वडाध्यक्षबाट तोकादेश लिई वडाका कर्मचारीले सम्बन्धित स्थानको स्थलगत अवलोकन गरी सँधियारहरु समेतको उपस्थितिमा सर्जमिन गरि मुचुल्का तयार पारी गाउँपालिकामा पठाउनुपर्नेछ।

ङ) गाउँपालिका कार्यालयले पोखरी बनाई बढी हुन सक्ने माटो ओसारपसारका लागि राजश्व तिरेर अनुमति लिनुपर्ने शर्त सहित पोखरी खन्ने कार्यको लागि अनुमति दिनेछ।

च) पोखरी खन्ने व्यक्तिले पोखरी निर्माण पश्चात बढी हुने माटो ओसापसारको लागि गाउँपालिका कार्यालयमा पुनः अनुमति माग गर्नुपर्नेछ।

छ) पोखरी खन्ने क्रममा नदिजन्य पदार्थ (मिस्कट, वालुवा) निस्केमा गाउँपालिकालाई सोको जानकारी दिनु पर्नेछ। गाउँपालिकाले नदीजन्य पदार्थको राजस्व बुझिलिई उत्खनन् तथा वेचविखन अनुमति दिनेछ।

छ) सम्बन्धित वडाको काम गर्ने जिम्मा पाएका गाउँपालिका कार्यालयका प्राविधिक कर्मचारीले पोखरी बनाई बढी भएको माटोको नापजाँच गरी परिमाण एकीन गरि सिफारिस गर्नुपर्नेछ।

घ) यसरी प्राविधिक कर्मचारीबाट उत्खनन् गर्न सकिने परिमाण सहितको सिफारिस प्राप्त भई आए पछि गाउँपालिका कार्यालयले नियमानुसारको राजश्व लिई अनुसूची १ को ढाँचामा ओसारपसार गर्ने अनुमति दिनेछ।

ङ) ओसारपसार अनुमतिपत्र प्रदान गर्दा ओसारसपार गर्ने माटोको अनुमानित परिमाण, ढुवानीका साधनको नं., ढुवानी गर्ने अवधि, ढुवानी गरी लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनु पर्नेछ।

३) **निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरु**

क) उत्खनन् हुने जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि,

ख) उत्खनन् हुने जग्गाको ब्लु प्रिन्ट वा नापी नक्सा,

ग) जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

घ) मत्स्यजोन कार्यालय कपिलवस्तुको सिफारिस पत्र वा गाउँपालिकाको कृषि विकास शाखाको सिफारिस पत्र।

४) **पोखरी निर्माण मापदण्ड :**

क) बस्ती, बाटो, स्कुल, मन्दिर क्षेत्र वरपर पोखरी खन्न पाइने छैन।

ख) मापदण्ड विपरित कार्य गरेमा अनुगमन समितिले उत्खनन् कार्य रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिन सक्नेछ।

ग) माछापोखरीको निर्माण गर्दा पोखरीको गहिराई बढीमा ६ फुट भन्दा बढी हुनेछैन।

घ) साँधबाट कम्तिमा ३ मिटर छाडेर मात्र पोखरी खन्नुपर्नेछ।

ङ) उत्खनन् गर्ने कार्य दिनको समयमा मात्र गर्नुपर्नेछ।

च) अनुगमन समितिले उत्खनन् र ओसारपसार सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ। उत्खनन् गर्ने पक्षले अनुगमन समितिले दिएको निर्देशन पालना गर्नुपर्नेछ।

CamScanner

छ) माथि जुनसुकै कुरा लेखिएको भएता पनि नदि किनाराबाट ५०० मिटर भित्र उत्खनन् गर्नुपरेमा गाउँपालिकाको राजश्व अनुगमन समितिले सो क्षेत्रको स्थलगत अनुगमन गरि पर्यावरणीय तथा नदी सुरक्षाको दृष्टिले उत्खनन् गर्न दिन सकिने वा नसकिने विषयमा सिफारिस गरेपछि सकिने भएमा मात्र उत्खनन् अनुमति दिन सकिनेछ ।

## खण्ड ३
## ढुवानी सम्बन्धी व्यवस्था

१) **वार्षिक अनुमति लिनुपर्ने**
निजी जग्गाबाट उत्खनन् गरिने पदार्थ ढुवानी गर्न चाहने सवारी धनीले राजश्व बुझाई गाउँपालिका कार्यालयबाट तोकिएको चालु आ.ब.का लागि अनुमति लिनुपर्नेछ ।

२) **अनुमति सम्बन्धी प्रकृया :**
क) यस्तो अनुमति लिनका लागि आफ्नो सवारी साधनको कागजातहरुको फोटोकपी सहित निबेदन पेश गर्नुपर्नेछ ।
ख) गाउँपालिका कार्यालयले अनुसुची १ बमोजिमको ढाँचामा अनुमति दिनुपर्नेछ ।

३) ढुवानी गर्ने सवारी साधनले टालीमा त्रिपालले राम्रोसंग छोपेर र धुलो नउडाइकन ओसारपसार गर्नुपर्नेछ ।

## खण्ड ४
## राजश्व सम्बन्धी व्यवस्था

१) निजी जग्गा वा पोखरीको माटो उत्खनन् तथा ओसारपसार गर्नका लागि देहाय बमोजिम राजश्व बुझाउनुपर्नेछ ।

| | |
|---|---|
| क) ढुवानीमा बाटो मर्मत सम्भार तथा पर्यावरण शुल्क | प्रतिघन फिट रु.०।५० शुद्धोधन गाउँपालिका भित्र ढुवानीको लागि<br>प्रतिघन फिट रु.३।०० शुद्धोधन गाउँपालिका बाहिर ढुवानीको लागि |

| | | | |
|---|---|---|---|
| ख) सवारी साधन दर्ता | ट्र्याक्टर | बार्षिक | रु.१५००।- |
| | ट्रिप्पर | बार्षिक | रु.५०००।- |
| | हाईवा | बार्षिक | रु.७,०००।- |
| | भारी यन्त्र | बार्षिक | रु.१०,०००।- |

२) त्यसै गरी यो कार्यविधि लागु भएको पहिलो आर्थिक वर्ष १(ख) बमोजिमको दरमा ५०% मात्र राजश्व बुझाएर दर्ता गर्न सकिनेछ ।

## खण्ड ५
## दण्ड जरिवाना सम्बन्धी व्यवस्था

१) यस कार्यविधि बमोजिम अनुमति नलिई कसैले निजी जग्गाको माटो तथा नदीजन्य पदार्थ उत्खनन्, ओसारपसार तथा माछापोखरी निर्माण सम्बन्धी कार्य गरे वा गराएको पाइएमा यस कार्यालयले उत्खनन् तथा ओसारपसार कार्यमा प्रयोग भएका सवारी साधन र सामग्री नियन्त्रणमा लिई देहाय बमोजिम जरिवाना लिएर मात्र सवारी साधन छाड्नेछ ।

| | |
|---|---|
| प्रति ट्र्याक्टर | रु.८,०००। |
| प्रति ट्रिप्पर | रु.१८,०००। |
| प्रति भारी यन्त्र तथा उपकरणको | रु.३०,०००। |

२) अनुमति बिनाको उत्खनन तथा ओसारपोसार कार्यमा प्रयोग भएका मेसिन साधन र सामग्री सम्वन्धमा पहिला जानकारी दिने व्यक्ति र सहयोग गर्ने प्रहरी प्रशासनलाई जरिवाना रकमको २० प्रतिशत हुन आउने रकम पुरस्कार दिइने छ ।

CS CamScanner

## खण्ड ६
## विविध

१) यो कार्यविधिमा भएका प्रावधानहरु शुद्धोधन गाउँपालिका क्षेत्रभित्र मात्र लागु हुनेछ ।

२) अन्य गाउँपालिकामा राजश्व बुझाई उत्खनन् तथा ओसारपसार गर्न अनुमति लिएका सवारी साधनले यस गाउँपालिका क्षेत्रको बाटो प्रयोग गरी ओसारपसार गर्नुपरेमा नाकामा राजश्व बुझ्न बसेका कर्मचारीलाई सोको कागजप्रमाण देखाई बाटो मर्मत सम्भार तथा पर्यावरण दस्तुर मात्र बुझाएर ढुवानी गर्न सक्नेछन् ।

३) यदि कुनै बाटो वा नाकामा कर्मचारी नभएको खण्डमा सम्बन्धित वडा कार्यालयमा राजश्व बुझाउन सकिनेछ ।

४) यो कार्यविधि कार्यान्वयन गर्न गराउन उत्खनन सम्बन्धी कार्य व्यवस्थित गर्न गराउनको लागि देहाय बमोजिमको राजस्व अनुगमन समिति रहने छ ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | (संयोजक) |
| सम्बन्धित वडा अध्यक्ष | (सदस्य) |
| राजस्व शाखा प्रमुख | (सदस्य) |
| प्रविधिक १ जना | (सदस्य) |
| प्रशासन / योजना शाखा प्रमुख | (सदस्य) |

५) आफ्नो जग्गाबाट आफ्नै घरायसी कार्य प्रयोजनको लागि माटो ढुवानी गर्दा खण्ड (४) बमोजिमको शुल्क लिइने छैन ।

६) यस कार्यविधिमा उल्लेख भएका कुरा यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित कानून र शुद्धोधन गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

CamScanner

अनुसूची- १
खण्ड १ को दफा २ (च) सँग सम्बन्धित एवं खण्ड ३ को दफा २ (ख) सँग सम्बन्धित
शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लवनी, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

प.सं.
च.नं. मिति...............

श्री जो जस सँग सम्बन्धित छ ।

विषय : माटो उत्खनन् गरी ढुवानी गर्ने अनुमति दिइएको ।

प्रस्तुत विषयमा ..........................................को नाममा दर्ता कायम रहेको शुद्धोधन गाउँपालिका वडा नं. ...... को साबिक ...................गाविस वडा नं......... कित्ता नं................को जग्गा क्षेत्रफल ......।.......।....... बाट देहाय बमोजिमको शर्तको अधिनमा रही माटो उत्खनन् गरी ढुवानी गर्न अनुमति दिइएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

तपसिल

१) अनुमति लिने मुख्य व्यक्तिको नाम :
ठेगाना :
सम्पर्क नं.:

२) माटो उत्खनन् गर्ने जग्गाको चारैतर्फका संधियारहरु
पुर्व तर्फ ........................................ पश्चिम तर्फ ................................
उत्तर तर्फ ................................. दक्षिण तर्फ .................................

३) उत्खनन् गरी ढुवानी गर्ने अनुमानित परिमाण

..................................................................................................................

-अन्य कुनै साधन..............................................................................................

४) राजस्व बुझाएको विवरण
क) पर्यावरण तथा बाटो मर्मत दस्तुर प्रति घनफिट रु............।-का दरले ............घनफिटको रु..................................
मिति.............................र.नं................. बाट बुझाएको जम्मा राजस्व रु......................

५ उत्खनन् गरी ढुवानी गर्ने अवधि : .................................. देखि .................................. सम्म

६ उत्खनन् र ढुवानीमा प्रयोग हुने साधनहरु -

७ ढुवानी गरी लैजाने स्थान र प्रयोग हुने मुख्य बाटो -

बोधार्थ

---

नोट : ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यसै कार्यालयलाई जानकारी गराई अनुमति लिनुपर्नेछ ।

आज्ञाले
धनिश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत
शुद्धोधन गाउँपालिका, लवनी, कपिलवस्तु

CamScanner